प्रमाणित प्रतिलिपि

**मिति २०८१/५/६ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. सघन शहरी विकास कार्यक्रम सम्बन्धमा ।

२. वडा गौरवका योजना छनौट सम्बन्धमा ।

३. स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका लागि योजना छनौट सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय आयोजना कार्यान्वयन इकाई सिद्धार्थनगर रुपन्देहीको च.नं. १८६ मिति २०८१/४/२९ को पत्रमा उल्लेखित यस नगरपालिका क्षेत्र भित्र आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी छनौट भएका योजनाको सन्दर्भमा जग्गाको कुनै विवाद नरहेको र योजना सम्पन्न पश्चात त्यसको उपभोग, सुरक्षा र मर्मत संभारको जिम्मा सम्बन्धित वडा कार्यालय तथा नगरपालिकाले लिने व्यहोरा जानकारी गराउदै चालु आ.व.को लागि त्यस कार्यालय मार्फत यस नगरपालिकामा एकीकृत शहरी पूर्वाधार विकास कार्यक्रम तर्फ रहेको रकम रु ४७५०००००/- बाट तपशिल बमोजिम कार्यान्वयन गर्न र सो कार्यक्रमलाई बहुबर्षीय कार्यक्रमको रुपमा अगाडी बढाउन लेखी पठाउने निर्णय गरियो ।

*तपशिल*

**(क) पूर्वाधार विकास कार्यक्रम सडक तर्फ ६४ प्रतिशतबाट कार्यान्वयन गर्ने सडक योजनाहरु**

१. ठाडा अमराई जुकेना देउराली ऐरावती सडक (पतञ्जली मार्ग) रु ६६०००००/-
२. भेडामारे सिमलपानी बौरी भाटगाउँ चिदिचौर ढाव पावरा विक्रम सडक रु ५२०००००/-
३. चाक्ला हर्रे बोखर पाकुरी धानखोला सडक रु ४८०००००/-
४. सितापुर सुवर्णखाल मन्द्रे नेटापोखरा सडक रु ३३०००००/-
५. देउराली दमार ढुङ्गेसेरा टिक्करी मौवाबारी खयरभट्टी बनकसबास सडक रु ३३०००००/-
६. सातमारा लाहापे सिलिङ्गखोला चिदिचौर सडक रु ३३०००००/-
७. डोहोटे भङ्गाला सडक रु २००००००/-
८. पाडेगैरा खसर्का मो.वा. शिनपा ३ रु ९५०००००/-
९. रातामाटा थामकोट ओखल्दुङ्गा मो.वा. शिनपा ४ रु ९५०००००/-

**(ख) आय आर्जन सम्बन्धि पूर्वाधार तर्फ ३० प्रतिशतबाट कार्यान्वयन गर्ने योजनाहरु**

१. सानादह वसपार्क रु ४९५०००००/-
२. विक्रम हाटवजार शिनपा १४ रु ३३०००००/-
३. ठाडा लगायत आसपासको क्षेत्रमा मिनी मार्केट/आय आर्जन सम्बन्धी पूर्वाधर निर्माण रु ६००००००/-

**(ग) सामुदायिक पूर्वाधार योजना तर्फ ६ प्रतिशतबाट कार्यान्वयन गर्ने योजनाहरु**

१. सहिद तारा तेज स्मृती पार्क तथा बाल उद्ययान केन्द्र निर्माण शिनपा १० रु ४७५००००/-
२. अमिता पार्क शिनपा १२ रु ४७५००००/-
३. बराहदह पार्क निर्माण शिनपा ९ रु ४७५००००/-
४. चौपारी पोखरी पार्क शिनपा १ रु ४७५००००/-

५. देउराली पार्क निर्माण शिनपा ६ रु ४७५०००।-
६. कृष्ण सेन स्मृती पार्क शिनपा ८ रु ४७५०००।-

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रत्येक वडाका मुख्य एक/एक योजनालाई वडा गौरवका योजनाको रुपमा छनौट गरी सोही बमोजिम प्राथमिकताका साथ कार्यान्वयन गर्न तपशिल बमोजिमका योजनाहरु वडा गौरवका योजनाको रुपमा छनौट गर्ने । साथै नगर प्राथमिकताका योजना समेत तपशिल बमोजिम तोक्ने निर्णय गरियो ।

**तपशिल**

**वडा गौरवका योजना तर्फ**

१. सुवर्णखाल मैनेरी मन्द्रे मालारानी बग्र सडक शिनपा १
२. सितापुर डोडकट्टा धारा नेपाने मुलावारी सडक शिनपा २
३. पोखेडाँडा पदमे कोहल सेङ्लेङ्ग सडक शिनपा ३
४. रातामाटा थामकोट ओखल्ढुङ्गा गल्दा सडक शिनपा ४
५. लटेडाँडा करापु सिद्धारा सडक शिनपा ५
६. कल्लेरी खमारी कलमकोट बोक्सेचौर कानाचौर दमारवेशी सडक शिनपा ६
७. जलुके कल्लेरी पाखाचौर सडक शिनपा ७
८. बढिदमार आपचौर बसेनी धोखोला सडक शिनपा ८
९. रागाकाटे नयाँवस्ती खारघाट सडक शिनपा ९
१०. हर्रे गवदे बाटुले पोखरा कोसीर नह सडक शिनपा १०
११. रनगाई मौवाबारी लुन्ग्री आपसोती सडक शिनपा ११
१२. घसेनी कोठीया मैदान दरबारे सडक शिनपा १२
१३. भर्लावास मुसियान ढाव छेडा पाल्लेपानी सितापुर सडक शिनपा १३
१४. विकम केवरापानी करेचुली सडक शिनपा १४

**नगरपालिकाका प्राथमिकता प्राप्त योजना तर्फ**

१. चाक्ला जुकेना ढुलाढुङ्गे बरौला सडक
२. हर्रे बोखर सिद्धारा लौरी लामाताल सडक

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय पूर्वाधार सहयोग कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरेबमोजिम यस नगरपालिकाले पेश गरेको प्रस्ताव छनौट भई उक्त कार्यक्रम यस नगरपालिकामा चालु आ.व.देखि कार्यान्वयन हुन गईरहेको सन्दर्भमा स्थानीय

प्रमाणित प्रतिलिपि

पूर्वाधार सहयोग कार्यक्रम मार्फत चालु आ.व.मा तपशिलका नगरपालिकाको प्रथमिकतामा रहेका योजनाहरु प्राथमिकताका साथ कार्यान्वयन गर्न छनौट गर्ने र सो को जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

*तपशिल*

१ चाक्ला जुकेना ढुलाढुङ्गे बरौला सडक

२ हर्रे बोखर सिद्धारा लौरी लामाताल सडक

३ पोखेडाँडा पदमे कोहल सेङ्गलेङ्ग सडक शिनपा ३

४ भर्लावास मुसियान ढाव छेडा पात्लेपानी सितापुर सडक शिनपा १३

५ विकम केवरापानी करेचुली सडक शिनपा १४

६ सुवर्णखाल मैनेरी मन्द्रे मालारानी बग्र सडक शिनपा १

७ सितापुर डोडकट्टा धारा नेपाने मुलावारी सडक शिनपा २

८ रातामाटा थामकोट ओखल्दुङ्गा गल्दा सडक शिनपा ४

९ लटेडाँडा करापु सिद्धारा सडक शिनपा ५

१० कल्लेरी खमारी कलमकोट बोक्सेचौर कानाचौर दमारवेशी सडक शिनपा ६

११ जलुके कल्लेरी पाखाचौर सडक शिनपा ७

१२ बढिदमार आपचौर बसेनी धोखोला सडक शिनपा ८

१३ रागाकाटे नयाँवस्ती खारघाट सडक शिनपा ९

१४ हर्रे गवदे बाटुले पोखरा कोसीर नह सडक शिनपा १०

१५ रनगाई मौवाबारी लुन्ग्री आपसोती सडक शिनपा ११

१६ घसेनी कोठीया मैदान दरबारे सडक शिनपा १२

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** संघीय अनुदान माध्यमिक तह (गणित, अंग्रेजी र विज्ञान) को शिक्षक अनुदान तर्फ प्राप्त रकमबाट तपशिलका विद्यालयमा शिक्षकहरु राख्ने र विषय छनौट गरी शिक्षक नियुक्त गर्ने सन्दर्भमा विद्यालयको आवश्यक्ता अनुसार व्यवस्थापन समितिको निर्णयका आधारमा अनुमति दिने ।

(१) पाकुरी मा.वि. शिनपा ९, (२) शंकरज्योती मा.वि. शिनपा ९ र (३) रिकोट मा.वि. शिनपा १३

**(ख)** यस नगरपालिकाको आ.व. २०८०/०८१ को लागि स्वीकृत योजना, कार्यक्रम र चालु प्रकृतिका खर्चहरु भुक्तानी गर्ने क्रममा संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान, राजश्व बाँडफाड, प्रदेश सरकार

तर्फको वित्तिय समानीकरण अनुदान, नगर पालिकाको आन्तरिक श्रोत तर्फ शिलिङ्ग तथा प्रस्ताव गरेबमोजिम रकम प्राप्त तथा संकलन नहुँदा र आ.व. २०७९/०८० को प्रस्ताव गरेअनुसार रकम प्राप्त नहुदा भुक्तानी बाँकी दायित्व समेतका कारण स्वीकृत कार्यक्रम अन्र्तगत भएको खर्चहरु मध्ये रु ३,०७,०४,०९१।- भुक्तानी हुन नसकेको सन्दर्भमा आजको बैठकमा छलफल भयो। सो रकम भुक्तानी गर्ने सन्दर्भमा पन्ध्रौं नगरसभाबाट चालु आ.व.२०८१/०८२ को कार्यक्रम स्वीकृत हुँदा आ.व. २०८०/०८१ दायित्व सर्ने अनुमानीत बजेट भनि विनियोजन गरेकोले उक्त विनियोजित रकमबाट भुक्तानी हुन बाँकी रहेको रकम भुक्तानी गर्ने।

**(ग)** यस नगरपालिकाको अमराईमा रहेको कृषि उपज संकलन केन्द्र मार्फत विक्री गर्ने खसी/बोकाको समर्थन मुल्य/लागत मुल्य तोक्न कृषि तथा पशु उपजको सूचीमा खसी/बोका समेत समावेश गर्ने।

**(घ)** मिति २०८१/५/४ गतेको अविरल वर्षातको कारण शितगंगा न.पा. १३ भंगाला निवासी श्री विष्णु थापाको पहिरोले गोठ थारो पुरिदा मृत्यु निजको मृत्यु भएकोले निजको परिवारलाई आर्थिक सहयोग स्वरुप रु २५ हजार दिने।

**(ङ)** ज्योति भविश्वर बहुमुखी क्याम्पसको लागि संघीय सर्शतमा रु १० लाख रकम प्राप्त भएकोमा सो रकमबाट कार्य गर्न उपभोक्ता समिति गठन भई सम्झौताको लागि मिति २०८१/४/२७ मा पेश भई सकेकोले उक्त कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने।

**(च)** यस नगरपालिकाको शिनपा १४ मा पर्ने पावरा सिंचाईको कुलोको बाध वर्षादको बाढीले पुरी क्षतिग्रत बनाई खोलाको सतह गहीरिन गएको कारण पानी संचालन हुन नसकेकोले कुलोमा पानी संचालन गर्न तत्काल करिव रु १५००००।- लाग्ने भएकोले आवश्यक व्यवस्था हुन भनि वडा कार्यालयबाट सिफारिस भई आएकोमा यस कार्यालयबाट अनुगमन गर्दा समेत उल्लेख भएअनुसारको समस्या देखिएकोले तत्काल कुलोको बाधबाट कुलोमा पानी संचालन गर्न लाग्ने खर्चको प्राविधिकबाट लागत अनुमान तयार गरी सोही बमोजिम विपद् कोषबाट कार्यान्वयन गर्ने।

**(छ)** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २७९ मिति २०८१/२/२१ को पत्रसाथ प्राप्त गृह मन्त्रालयको विपद सहायता कक्ष स्थापना र संचालन गर्ने भनि गरिएको परिपत्रमा उल्लेख भएबमोजिको कार्य गर्न तपशिल बमोजिमको यस नगरपालिकामा स्थानीय विपद् सहायता कक्ष स्थापना गर्ने।

**तपशिल**

संयोजक :- प्रमुख प्रशासकीय अधिकृत

सदस्य :- नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि

सदस्य :- नागरिक समाजका अध्यक्ष वा प्रतिनिधि

सदस्य सचिव :- स्थानीय विपद् फोकल पर्सन

(छ) आजको बैठकमा विभिन्न सुझावहरु कार्यान्वयको लागि भनि लेखिआएका मालपोत कार्यालय अर्घाखाँचीको न.चं. २९०९ मिति २०८१/३/२७ पत्र, संघीय मामिला तथा सामान्य प्रशासनको च.नं. ६५४ मिति २०८१/३/५ गतेको पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६७० मिति २०८१/३/१३ को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १४ मिति २०८१/४/२३ गतेको पत्रसाथ प्राप्त गृह मन्त्रालयको पत्रका सन्दर्भमा छलफल भयो । उक्त पत्रमा उल्लेख भएबमोजिमका सुझावहरुलाई मध्यनजर गर्दै आगामी दिनमा कार्यान्वयन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत